

# बजार अवलोकन ७३

पौष, २०७१†

निम्न संस्थाहरुद्वारा संयुक्त रुपमा प्रकाशित :
विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली
कृषि विकास मन्त्रालय, कृषि विभाग, कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय
नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र
उपभोक्ता हित संरक्षण मञ्च

## मुख्य बुँदाहरु

- *हालसालै भित्र्याइएका बालीहरुबाट प्राप्त खाद्य वस्तुहरु जस्तै चामल र आलुका मूल्यमा मौसमी रुपमा कमि आउनुको साथै अन्य वस्तुहरु जस्तै दाल र खानेतेलको मूल्यमा न्यून बृद्धिको साथ २०७१ पौष महिनामा नेपालभर १२ बजारहरुमा अनुगमन गरिएका प्राय खाद्य बस्तुहरुको खुद्रा मूल्यहरुले न्यून उतारचढाव देखायो ।*
- *२०७१ पौष महिनामा समग्र स्फीतिदर ६.८ प्रतिशत रहयो । खाद्य तथा पेय पदार्थको स्फीतिदर ९.० प्रतिशतमा उच्च रहनुका साथै निम्न खाद्य बस्तुहरुको उच्च स्फीतिदर कायमै रहयो: दुध तथा दुधजन्य पदार्थ र अण्डाको (१७.४ प्रतिशत), गेडागुडीहरु (१३.७ प्रतिशत), मसला (११.१ प्रतिशत) र फलफूल (१०.८ प्रतिशत) ।*

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य

२०७१ पौष महिनामा देशभर अनुगमन गरिएका प्राय खाद्य बस्तुहरुको खुद्रा मूल्यहरुले मिश्रित प्रबृति (trend) देखाए । मासिक रुपमा मोटा चामलको मूल्य १.१ प्रतिशतले घट्यो भने गहुँको पिठोको मूल्य सापेक्षिक रुपमा स्थिर रहयो । कालो मास र मुसुरोको दालको मूल्य क्रमश: ३.४ र ०.३ प्रतिशतले बृद्धि भयो । यसैगरी भटमासको तेल र तोरीको तेलको मूल्य क्रमश: १.३ र १.५ प्रतिशतका दरले बृद्धि भयो । यद्यपि, आलुको मूल्य १३.८ प्रतिशतका दरले घट्यो भने कुखुराको मासु २.८ प्रतिशतका दरले न्यून रुपमा बृद्धि भयो । अघिल्लो तीन महिनाको तुलनामा दाल (मास र मुसुरो) बाहेक प्राय मूल्यहरुले घट्दो प्रवृति देखाए । यद्यपि, गत वर्ष सो ही समयको तुलनामा प्रायजसो मूल्यहरुले बढ्दो प्रवृति देखाए (अपवादस्वरुप भटमासको तेल र कुखुराको मासु वाहेक) । समग्रमा, चित्र १ मा देखाइए अनुसार, प्राय खाद्य बस्तुहरुको मुल्यले बितेको १२ महिनामा अनुमानित मौसमि उतार चढावको साथ बढ्दो प्रबृति देखायो (अपवादस्वरुप रातो आलु वाहेक) ।

चित्र २ मा प्रस्तुत गरे अनुसार, क्षेत्रीय बजारहरुमा मूल्यहरुले राष्ट्रिय औसत भन्दा केही भिन्न प्रवृति देखाए । जस अन्तर्गत, मोटा चामलको मूल्यले हिमाली र पहाडी जिल्लाहरुमा बढ्दो प्रवृति देखायो भने काठमाडौं र पोखराका मुख्य उपभोक्ता बजार हरुमा यसको मूल्य सापेक्षिक रुपमा स्थिर रहयो । गहुँको पिठोको मूल्यले पनि उस्तै प्रवृति देखायो । यद्यपि, मुसुरोको मूल्यले सम्पूर्ण बजारहरुमा बढ्दो प्रवृति देखायो (अपवाद स्वरुप मुख्य उपभोक्ता बजारहरु वाहेक) ।

गत एक महिनामा उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र द्वारा नियमित रुपमा अनुगमन गरिएका बिर्तामोड, काठमाडौं, बुटवल, सुर्खेत र धनगढीका पाँच ठूला बजारहरुमा मोटा चामलको मूल्य वाहेक अन्य थोक मूल्यहरुले बढ्दो प्रवृति देखाए । तालिका १ मा देखाइए अनुसार, कालीमाटी फलफुल तथा तरकारी बजारमा गत एक महिनामा अनुगमन गरिएका प्राय तरकारीको थोक मूल्यहरुले मौसमी रुपमा हुने उच्च उतारचढाव देखाए: आपूर्तिमा कमी आउनाले मासिक रुपमा तीतेकरेला, परवल, भण्टा, रामतोरीया र फर्सीको मूल्यमा १५ प्रतिशत भन्दा बढीका दरले बृद्धि भयो भने काउली, मुला, रायोको साग र सुकेको प्याजको मूल्य १० प्रतिशत भन्दा बढीका दरले घट्यो ।

नेपाल राष्ट्र बैंकका अनुसार समग्र उपभोक्ता मूल्य सूचकाङ्क (CPI) २०७१ पौष महिनामा २११.२ भयो, जुन मासिक रुपमा ०.६ प्रतिशतले कमि हो । CPI मा वार्षिक स्फीतिदर ६.८ प्रतिशतले बृद्धि भयो । खाद्य तथा पेय पदार्थको CPI २५७.३ मा कायम रहयो, जुन मासिक रुपमा ३.१ प्रतिशतले कमि हो तर वार्षिक रुपमा भने ९.० प्रतिशतले बृद्धि हो; अन्य विभिन्न खाद्य बस्तुहरुको CPI ले वार्षिक रुपमा उच्च बृद्धि देखाए; दुध तथा दुधजन्य पदार्थ र अण्डा (१७.४ प्रतिशत), गेडागुडीहरु (१३.७ प्रतिशत), मसला (११.१ प्रतिशत) र फलफूल (१०.४ प्रतिशत) । गैह्र खाद्य बस्तुहरु र सेवा सम्बन्धि CPI १७७.८ भयो, जुन मासिक रुपमा १.७ प्रतिशतले र वार्षिक रुपमा ५.१ प्रतिशतले बृद्धि हो ।

### आपूर्ति

सडकहरुको पहुँचमा बृद्धि र यातायातका सेवाहरु सहज रुपमा सुचारु भएका हुनाले देशभर आपूर्ति अवस्था सामान्य रहेको छ । जसको फलस्वरुप, सडक पहुँच भएका ग्रामिण बजारहरुमा पनि खाद्य बस्तुहरु प्रयाप्त मात्रामा उपलब्ध छन ।

### पूर्वानुमान


आपूर्तिमा सुधार, सडक पहुँचमा बृद्धि र यातायात सेवाहरु सहज रुपमा सुचारु भएका हुनाले आउँदो महिनामा प्राय खाद्य बस्तुहरुको मूल्य स्थिर रहने वा न्यून उतारचढाव हुने अनुमान छ ।

देशभर समय समयमा भएको वर्षाले गर्दा गहुँ र जौं जस्ता हिउँदे बालीको उत्पादन पूर्वानुमान राम्रो रहेको छ ।


**तालिका १: मासीक रुपमा मुख्य वस्तुहरुको मूल्यमा भएको अत्याधिक परिवर्तन**

| वस्तुहरु | मूल्य ने रु/ केजि, लि | १ महिनाको परिवर्तन (%) | अवलोकन |
|---|---|---|---|
| तीते करेला, परवल, भण्टा, रामतोरीया र फर्सी | विभिन्न | > १५ | मौसमी रुपमा उत्पादन रित्त हुने समय सुरु भएको हुनाले आपूर्तिमा कमि । |
| बन्दा, काउली, मुला, सुके को प्याज, आलु र रायो को साग | विभिन्न | > -१० | बाली भित्र्याउने समय भएको हुनाले आपूर्तिमा बृद्धि । |

**चित्र १: १२ महिनाको औसत मूल्य ***




**चित्र २: मूल्य परिवर्तन प्रतिशतमा ** (१ महिना र १ वर्ष)**




नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतिय ठेगाना **http://www.sites.google.com/site/nefoodsec** मा हेर्न सकिनेछ ।

† मूल्यहरु २०७१ पौष महिनाको बजार मूल्यसँग सम्वन्धित छन् ।
* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिईएको बजारहरुबाट लिइएको हो । तर *सडक नपुगेका हिमाली तथा पहाडी बजारहरु* यसमा समावेश छैनन् ।
** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छन् ।



नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Suraksha Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

# बजार अवलोकन-७३

## मुख्य खाद्य बस्तुहरुको खुद्रा मूल्य- पौष २०७१

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत परिवर्तन १म | ३ म | १ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मूख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटा चामल | ४५.० | ०.० | ०.० | ९.८ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४५.० | ०.० | ०.० | ४.७ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १३५.० | ०.० | ०.० | -६.९ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २८०.० | २४.४ | ०.० | -६.४ | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १६५.० | ०.० | ०.० | -८.३ | ▶ | ▶ | ▶ |
| | मास | १२५.० | ०.० | १.६ | ८.७ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२५.० | ०.० | ४.२ | १३.६ | ▶ | ▶ | ▶ |
| | आलु | ३२.० | -२०.० | -५५.६ | -८.६.० | ▼ | ▼ | ▶ |
| पोखरा | मोटा चामल | ४८.० | ०.० | ०.० | ९.७ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४५.० | ०.० | ०.० | ७.१ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १३०.० | ०.० | -३.७ | -१०.३ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २९०.० | १२.४ | -९.४ | -२६.६ | ▲ | ▶ | ▼ |
| | तोरीको तेल | १५०.० | ०.० | -१६.७ | -१६.७ | ▶ | ▼ | ▼ |
| | मास | १३५.० | ०.० | -३.६ | १२.५ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १४०.० | ०.० | ३.७ | २७.३ | ▶ | ▶ | ▲ |
| | आलु | ५५.० | -५.२ | ०.० | ३७.५ | ▼ | ▶ | ▲ |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| बिराटनगर | मोटा चामल | ४०.० | -११.१ | -११.१ | ५.३ | ▼ | ▼ | ▶ |
| | गहुँको पिठो | ४०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १२५.० | ०.० | -३.८ | -१०.७ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | २०.० | ७.१ | ७.१ | ▲ | ▶ | ▶ |
| | तोरीको तेल | १६५.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मास | १३०.० | ०.० | -३.७ | १८.२ | ▶ | ▶ | ▲ |
| | मुसुरो | १२०.० | -१२.२ | -७.७ | ४.३ | ▼ | ▶ | ▶ |
| | आलु | २५.० | -५०.० | -५८.३ | -३.८ | ▼ | ▼ | ▶ |
| बिरगंज | मोटा चामल | ३६.० | ०.० | -१८.२ | ०.० | ▶ | ▼ | ▶ |
| | गहुँको पिठो | ४०.० | -४.८ | १४.३ | ५.३ | ▶ | ▲ | ▶ |
| | भटमासको तेल | १५२.० | १.३ | १.३ | ४.८ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २४०.० | -४.० | ९.१ | -१४.३ | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १९०.० | १.१ | ०.० | १५.२ | ▶ | ▶ | ▲ |
| | मास | १२०.० | ६.२ | १.७ | २०.० | ▲ | ▶ | ▲ |
| | मुसुरो | १४०.० | १८.६ | १८.६ | २७.३ | ▲ | ▲ | ▲ |
| | आलु | ३०.० | -२५.० | -४०.० | ०.० | ▼ | ▼ | ▶ |
| नेपालगंज | मोटा चामल | ३७.० | ०.० | ०.० | ५.७ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३८.० | ०.० | ०.० | ८.६ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १६०.० | ०.० | ०.० | ८.१ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | ०.० | -३.२ | ०.० | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | २००.० | ०.० | ०.० | २१.२ | ▶ | ▶ | ▲ |
| | मास | ११०.० | ०.० | २.८ | -८.३ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ९०.० | ०.० | ३.४ | -१०.० | ▶ | ▶ | ▶ |
| | आलु | ५०.० | ०.० | -३.८ | १५०.० | ▶ | ▶ | ▲ |
| धनगढी | मोटा चामल | ३५.० | ३.६ | -२५.५ | -४.१ | ▶ | ▼ | ▶ |
| | गहुँको पिठो | ३६.५ | १.४ | -१.४ | ८.६ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४५.० | ३.६ | ३.६ | ३.६ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २९२.० | -१.४ | १.४ | -२.७ | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १६०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मास | १२३.० | -८.९ | -१६.९ | -३.१ | ▼ | ▼ | ▶ |
| | मुसुरो | १२६.० | -१.६ | ४.१ | १४.५ | ▶ | ▶ | ▶ |
| | आलु | ३२.० | -२०.० | -४३.९ | २८.० | ▼ | ▼ | ▲ |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको

▶ सामान्य मूल्य परिवर्तन

▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेको

यदि मूल्य परिवर्तन १ महिनामा ५ % सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिने छ ।

* यो नेपाल खाद्य संस्थान द्वारा वितरीत चामल हो किनभने त्यहाँ अन्य खाद्य सँचिती उपलब्ध छैन ।

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना१ ६.७ | ३ महिना | १ वर्ष | औसत परिवर्तन १म | ३ म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| भैरहवा | मोटा चामल | २७.५ | -३.५ | -१९.१ | -१९.१ | ▶ | ▼ | ▼ |
| | गहुँको पिठो | ३५.५ | -१.४ | -२१.१ | -११.३ | ▶ | ▼ | ▶ |
| | भटमासको तेल | १२२.५ | -२.० | -२.० | -५.८ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २८०.० | ०.० | -६.७ | ०.० | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १४७.५ | -१०.६ | -१८.१ | -१८.१ | ▼ | ▼ | ▼ |
| | मास | १५०.० | २५.० | २५.० | २५.० | ▲ | ▲ | ▲ |
| | मुसुरो | १३५.० | ३.८ | ३.८ | १२.५ | ▶ | ▶ | ▶ |
| | आलु | २२.५ | ८.० | -५९.१ | -१०.० | ▲ | ▼ | ▶ |
| **सडक पहुाच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटा चामल | ४१.४ | -१.४ | -३.७ | ३.५ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४५.६ | ०.२ | -५.० | -०.९ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १६६.० | ०.६ | -२.४ | -५.१ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | २०.० | २५.० | ०.० | ▲ | ▲ | ▶ |
| | मास | १४८.० | २३.३ | १८.४ | २३.३ | ▲ | ▲ | ▲ |
| | मुसुरो | १२६.० | १४.५ | ९.६ | १४.५ | ▲ | ▶ | ▶ |
| | आलु | ४०.० | -३३.३ | -४२.९ | -३३.३ | ▼ | ▼ | ▼ |
| रोल्पा | मोटा चामल | ३८.० | ०.० | -५.० | ११.८ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४०.० | ०.० | -६.७ | -६.७ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३३०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मास | १३५.० | ०.० | -३.६ | २२.७ | ▶ | ▶ | ▲ |
| | मुसुरो | १४०.० | ०.० | ०.० | १६.७ | ▶ | ▶ | ▲ |
| | आलु | ६५.० | ०.० | ०.० | ३०.० | ▶ | ▶ | ▲ |
| सांफेबगर | मोटा चामल | ४०.० | ०.० | ०.० | १४.३ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४२.० | ०.० | ५.० | ५.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १५०.० | ०.० | -६.३ | ०.० | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३८०.० | -५.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मास | १४०.० | ०.० | ०.० | १६.७ | ▶ | ▶ | ▲ |
| | मुसुरो | १३५.० | ०.० | -३.६ | १२.५ | ▶ | ▶ | ▶ |
| | आलु | ६०.० | ०.० | ०.० | ५०.० | ▶ | ▶ | ▲ |
| जुम्ला | मोटा चामल | ६०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ७०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १८०.० | १२.५ | १२.५ | १२.५ | ▲ | ▲ | ▶ |
| | कुखुराको मासु | ४४०.० | ०.० | -२०.० | १०.० | ▶ | ▼ | ▶ |
| | मास | १५०.० | ०.० | ७.१ | ७.१ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १५०.० | ०.० | ७.१ | ७.१ | ▶ | ▶ | ▶ |
| | आलु | ३०.० | -२५.० | -२५.० | ०.० | ▼ | ▼ | ▶ |
| बाजुरा | मोटा चामल | ४५.० | २.३ | ७.१ | २८.६ | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ४५.० | २.३ | ०.० | ७.१ | ▶ | ▶ | ▶ |
| | सीमी | १३०.० | ०.० | ०.० | ८.३ | ▶ | ▶ | ▶ |
| | मास | १३०.० | ०.० | ०.० | १८.२ | ▶ | ▶ | ▲ |
| | मुसुरो | १३०.० | ०.० | ०.० | ८.३ | ▶ | ▶ | ▶ |
| | आलु | ४०.० | १४.३ | १४.३ | ०.० | ▲ | ▲ | ▶ |
| **सडक पहुाच नभएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| हुम्ला | मोटा चामल* | ५२.० | ०.० | १०.६ | २३.८ | ▲ | ▲ | ▲ |
| | गहुँको पिठो | २००.० | ०.० | ११.१ | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | ३००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | सीमी | १२०.० | -२०.० | ०.० | ३६.४ | ▶ | ▲ | ▲ |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | ७०.० | ०.० | -१२.५ | -३६.४ | ▶ | ▼ | ▼ |
| डोल्पा | मोटा चामल | १४०.० | ०.० | ७.७ | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | १२०.० | ०.० | ०.० | -७.७ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | २२०.० | -८.३ | -८.३ | -८.३ | ▼ | ▶ | ▶ |
| | सीमी | १५०.० | ७.१ | ०.० | ०.० | ▲ | ▶ | ▶ |
| | मास | २००.० | ०.० | ०.० | -२०.० | ▶ | ▶ | ▼ |
| | मुसुरो | २२०.० | १०.० | १०.० | -१२.० | ▲ | ▶ | ▶ |
| | आलु | ४०.० | -२०.० | ०.० | ३३.३ | ▼ | ▶ | ▲ |

नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतय ठेगाना **http://www.sites.google.com/site/nefoodsec** मा हेर्न सकिनेछ ।

यो **बजार अवलोकन** विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली NeKSAP को एक अंशका रुपमा तयार पारेएको हो । नेपाल खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणालीद्वारा प्रकाशीत सम्पूर्ण सामग्रीहरु NeKSAP को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ । थप जानकारीका लागि पो. ब. १०७, टेलिफोन : ५२६०६०७ एक्सटेन्सन् नं.: २४२०–५ मा सम्पर्क राख्न सकिनेछ ।

यो परियोजना यूरोपीयन यूनियनको सहयोगमा सञ्चालित छ ।
यस बुलेटिनमा प्रकासित विचारहरुले यूरोपीयन यूनियनको विचारहरुलाई प्रतिविम्वित गर्दछ भन्ने कूनै जरुरी छैन ।